# कुरौटेनीको कथाः मेरो यात्रा

**अभि सुवेदी**

अहिले सम्झँदा आफैलाई दन्त्यकथा जस्तो लाग्छ । जीवनको बिहानी ! आश्चर्यहरू धेरै थिएनन् । गाउँले बालकको निम्ति के आश्चर्य हुनु र ? मैले सम्झेका आश्चर्य प्रकृतिमा थिए । कालो र सेतो दुईओटा पाटा भएको बट्टा आकाशमा देख्दा आश्चर्य लाग्थ्यो । त्यो आधी जून रहेछ । पानी अजश्र पर्दा लागेका आश्चर्य, पाथीभरा हिमाललाई मानिस बसेजस्तो देख्दा लागेको आश्चर्य । मेरो मानसमा तिनै थिए आश्चर्य, प्राचीन मानिसको कथा जस्तो । म एउटा अर्ध-शताब्दी पार गरिसकेको मानिसको कथामा पनि मान्छेका सबै कथाको जस्तो एउटा आकार छ, अनुभवको कलेबर छ, अनि आदिम र आधुनिक काल छन् त्यहाँ । म जस्तै धेरैको जीवनमा आदिम मानवको जस्तो प्रकृति नै सबभन्दा ठूलो आश्चर्य थियो । तर ती आदिम आश्चर्य मेरो मनभित्रका संवेदना हुन् । मनभित्रको आकाश देखाउँछन् तिनले । मलाई त्यस्तो लाग्छ ।

तर यस आश्चर्यभित्र समय लिएर अघि बढ्ने, समय हेर्नेमात्र होइन त्यसलाई आफूले चाहेअनुसार बदल्ने चाहना भएका मानिसका कथा पनि मैले सुन्न थालें ।

मेरो यस्ता कथाका स्रोत धेरै थिएनन् । जति हुन् ती पहिले आमाबाट पाउँथें । त्यसपछि दाइहरूबाट । मैले पहिलो पटक 'रेडियो' भन्ने शब्द त्यही बेला सुनें, जुन बेला मेरो प्रकृतिको संसारका आश्चर्यमा मानिसका आश्चर्यका कथा जोडिन थालेका थिए । ती कथा झण्डै तिलस्मी जस्ता थिए । मानिसका अतिरञ्जक चित्र थिए ती । मैले सुनें, काङ्ग्रेस उठेका छन् रे, ती फेटा अथवा चुच्चे टोपी लाएर हिँड्छन् रे । आफ्नो दल बढाउँदै हिँड्छन् रे ! तिनीहरूको खबर रेडियोले भनेको रे ! रेडियो भनेको मानिस जस्तै बोल्ने र खबर ल्याउने एउटा अद्‌भुत बट्टा जस्तो हुन्छ रे । मैले कल्पना गरें, जूनको बट्टा जस्तो आश्चर्य त यस बाकसको होइन होला । तर पनि रेडियो भन्ने शब्द मेरो मनमा गुञ्जिन थाल्यो त्यस बेलादेखि ।

तर रेडियो कहाँ देख्ने र ? एक दिन म्याङलुङ बजार गएँ दिदीसँग । मलाई नयाँ जुत्ता अनि कापी र किताब किन्ने दिन थियो त्यो । दिदीले त्यहाँको एउटा ठूलो पसलमा लिएर गइन् । मैले आजसम्म त्यस्तो सुपर सपिङ्ग कम्प्लेक्स संसारमा कहीँ देखेको छैन । युरोप, अमेरिका र टोकियोका मार्क एण्ड स्पेन्सर, ताकासीमाया आदि सपिङ्ग कम्प्लेक्स कहीँ पनि त्यो जीवनको आदिम आश्चर्यलाई जित्ने मेरा अरू कुनै उत्तेजना अहिलेसम्म भेटिएका छैनन् । त्यो पसल अहिलेसम्म मेरो आधुनिक संसार बुझ्ने थलो भएको छ । आधुनिकता अथवा 'मोडर्निज्म' अनि उत्तरआधुनिकता बुझ्न मलाई जब हम्मे पर्छ, म त्यही पसलको त्यो आदिम सम्झनातिर फर्किन्छु ।

त्यहाँ एउटा रचना गरिएको परिवेश थियो । पहिलो रचना अग्रभागप्रधान थियो । त्यो घर बनाउने एउटा परिपाटी थियो । नेवार शैलीको केही आभास थियो त्यस्मा । पछि बुझ्दा र काठमाडौँका घरका आकार हेर्दा अनि वास्तुकलाका विषयमा पढ्दा पछि बुझें त्यस घरले वरिपरिको संसारबाट आउनेसँग संवाद गर्ने, देखिइने र मान्छेका आँखामा झ्वाप्प पर्ने शैली लिएको रहेछ । त्यस पसलका दराज र भुइँमा मिलाएर राखेका कपडा, लाभरका विभिन्न साईजका भकुण्डा, रङ्गीन कपडा, लाभर र कपडाका जुत्ता अनि मिठाई, चिनी र मसला, किताब र कापीका शृङ्खलावद्ध पङ्क्ति, भित्तामा झुण्डिएका त्यस परिवारका युवक र साहूजी लगायत नेपाली राजा र राणा प्रधानमन्त्रीका ठूल्ठूला फोटोग्राफ अनि वरिपरि गाउँ र ठाउँमा रहेको त्यस पसलको अनौठोपनले गर्दा यो एक आधुनिक कलेवर थियो । पर एउटा अत्यन्त महत्त्वपूर्ण कुनामा एउटा ठूलो रेडियो थियो । मैले त्यस्को पनि 'मोडर्निष्ट' एकाङ्कीपन, एउटा आधुनिक टापूको अनुहार देखेको सम्झना छ । व्यापारका साथै अन्य विविध कुराको एकै ठाउँको संयोजन, त्यस्ले

वरपर गाउँघरबाट आएका युवाहरूलाई हुरुक्कै पार्ने प्रभाव अनि ती पसलका व्यापारमुखी र केही देखिइने मात्रै शैलीलाई आज पनि म 'पोस्टमोडर्निज्म' बुझ्ने आधारको रूपमा लिन्छु । एक वर्षअघि (२०६० सालमा) म्याङलुङ आगोले खाएपछि त्यस घरको इतिहास सकियो । म फर्केर त्यहाँ जान सकेको छैन ।

रेडियो अकस्मात् घन्कियो । ठूल्दी, उर्फ खुज्दीले खुसीले मेरो मुख हेरिन् । म चकित परेँ । एउटा बाकसबाट मानिस बोलेको सुन्नु मेरो नौलो आश्चर्य थियो । बट्टाजस्तो जूनभन्दा भिन्न, पाथीभरा हिमाल र परिवेश अनि उग्र खोलाहरूभन्दा भिन्न आश्चर्य थियो त्यो । दुई थरीका आश्चर्यले मन अत्यन्त व्याकुल र खुसी एकैसाथ भयो । यी दुई थरी आश्चर्य मेरा जीवनभरिका दुई तनाव भए । प्रकृतिको आश्चर्यको समाधान सिर्जनशील साहित्य सिर्जना गरेर अनि रेडियोको आश्चर्य मार्शल् म्याक्लुहन्ले भने जस्तो सञ्चार नै यस्को सन्देश हो भन्ने सिद्धान्तलाई मानेर समाधान गरेको छु ।

रेडियोले मलाई तानिरह्यो । मौका पऱ्यो कि त्यहाँ दाइहरू र ठूला भतिजहरूसँग जान थालेँ । तर नेपाली इतिहासमा नयाँ मोड आएको बेला रहेछ त्यो । फेटा गुथेका काङ्ग्रेस दल बढाउँदै आए भन्ने खबर फैलियो । हाम्रो लिम्बूवानको ठाउँ । लिम्बूहरूले श्री ३ र श्री ५ को बीचको अङ्क लिएर आफूलाई ४ सरकार भने । यो २००७ सालको कुरा हो । बाउन, छेत्रीका घर लुट्ने भन्ने योजना रहेछ । मैले सुनेको मात्र त्यस बेला । मेरी आमालाई लिम्बूहरू अत्यन्त श्रद्धा गर्थे । उनीहरू आमालाई सल्लाह दिन आउँथे । "आमै, अब छिटै लुट हुँदैछ, केही आफ्नो जोहो राख" इत्यादि भन्थे । म पिता सानैमा गुमाएको व्यक्ति, आमाको अनुहारमा नै सम्पूर्ण सङ्कट समाधानका अभिव्यक्ति पढ्थेँ । आमाले हामीलाई सावधान हुन सिकाउनु हुन्थ्यो ।

घरमा ठूल्दाइका हिन्दी र नेपालीका धेरै किताब थिए । म तिन्का चित्र र तिन्का आकारलाई माया गर्थें । ठूला मानिसहरू सबै भूमिगत हुन थाले । मेरा ठूल्दाइ लयप्रसाद निष्पृह भाव लिएर त्यतैतिर हिँड्थे । ती कहीँ पनि भागेनन् । बरु ती अर्का साधुदाइसँग तल खोरुङ्गा खोलाका ओडारमा गएर धुनी जगाएर गाँजा खाँदै अद्वैतवादबारे छलफल गर्थे । ती दुई जना दाइ प्रेमचन्द मुन्सीका 'सतरञ्जका खिलाडी' जस्ता थिए । अथवा ती दुई जना गुम्बाका भिक्षु जस्ता थिए । समयको चाप परेपछि ओडारतिर फर्कने विचार इतिहासलाई मुखमा लोप्पा ख्वाउनु जस्तै हो । गाउँको लुटको ती दुई जनालाई कुनै प्रभाव परेन ।

मलाई रेडियो हेर्न जान एकदम मन थियो । तर साबलाबाट हिँडेर कस्ले लाने ? मैले दाजुलाई भने । उन्ले भने– "अहिले त्यहाँ गोली चल्छन् । काङ्ग्रेस आइसकेका

छन् । रेडियोले नै भनेको रे ! जानु हुँदैन ।" रेडियोले जीवन्त इतिहासका गीत पनि सुनाउँदो रहेछ । मलाई झन् आश्चर्य लाग्यो । झन् सुन्न मन लाग्यो ।

एक दिन अलिक उत्सुक र साहसी युवक दाइहरूसँग जाने मौका पाएँ । त्यस दिन म्याङलुङमा उत्पात मच्चेको रहेछ । लिम्बू युवकहरूले पसलहरूमा आएर उत्पात गर्ने दिन रहेछ । मलाई डरभन्दा पनि एउटा आश्चर्यले बढी समात्यो । अलिक परबाट जोगिएर हेर्‍यौँ । मैले त्यस बेला देखेको र आज अर्थ लगाएको त्यो 'मोडर्निष्ट' र 'पोष्टमोडर्निष्ट' परिवेश त्यहाँ भताभुङ्ग भएको देखेँ । मैले देखेको पसलको त्यो स्थानविशेषको कलेवर सबै छरिएको थियो । एउटा विशृङ्खल वातावरण थियो त्यहाँ । मलाई रेडियोको उत्सुकता र केही चिन्ता थियो । यसैबेला युवकहरूले रेडियो बाहिर ल्याए । भुइँमा राखेर "कुरौटेनी राँडी, लौ खा आरे" भन्दै त्यस आश्चर्य र मेरो मानसमा संसार ल्याउने त्यो मिथक, त्यो यन्त्रलाई भताभुङ्ग पारे तिनले । त्यसभित्र सुइरा र तारमात्र हुन्छन् भन्ने मलाई लागेको थिएन । माथि डाँडामा गोली चलेको आवाज आयो । मैले सबै हेर्न नपाई "लौ भागौँ" भनेर दाजुहरूले तानेर लगे । मेरो मन अत्यन्त खिन्न भयो ।

त्यसको पर्सिपल्ट मेरो गाउँ साबलामा बिहान झण्डै आठ बजेदेखि लिम्बू युवक र बूढाहरू पनि प्रायशः सबै जना हातमा बिहेमा पड्काउने जस्ता बन्दुक बोकेर हाम्रा अलिक झुरुप्प घरहरूमाथि चारैतिरबाट खनिए । "चार सरकारकी जय !" भनेर सबै त्यसरी ओइरिँदा मैले विश्वको इतिहासमा भएका घटना बुझ्ने एउटा चित्र बनाएछु । जुन इतिहासका घटना पढे पनि मैले पछिबाट त्यही दृश्यको सम्झना गर्न थालेँ । मलाई एक प्रकारको सौन्दर्यको रचना भयो त्यस बेला । तर जब भित्र पसेका मानिसले आँगनमा आगो बालेर ल्याउँदै किताब काटेर जलाउन थाले मलाई अत्यन्त पीडा भयो । मैले त्यस बेला केही ठूल्ठूला किताब जोगाएँ । लिएर भागेँ अनि रुखमा लगेर राखेँ । मलाई काका भन्ने गाउँकै एक जना वयस्क लिम्बू भतिजले त्यो देखेको रहेछ । मलाई अरू पनि किताब ल्याएर दियो । तिनमध्ये जलेर विरूप बनेका केही किताब अहिले पनि मसँग छन् ।

मलाई रेडियो अथवा 'कुरौटेनी राँडी' र यी किताब नष्ट भएकोमा दुःख भयो । मैले त्यही बेला यी दुई ज्ञान बिस्तार गर्ने माध्यमको माया कसरी गरेँ, सम्झना भएन । तर लाग्छ, म धेरै स्वप्नधारी बालक थिएँ र यी दुई माध्यमले मलाई कहीँ बाहिरसँग जोड्छन् भन्ने मभित्र केही आशा थियो । म अहिले पनि भिन्न छैन । यिनै दुई माध्यमको बीचमा चल्ने एक प्राज्ञिक र विश्वप्रेमी मानव हुँ म ।

त्यसपछि रेडियोका खास बलिया सम्झना छैनन् । तर पछि २०१५ सालमा म्याङलुङ बजारमै काङ्ग्रेस पार्टीका सक्रिय कार्यकर्ता पद्मप्रसाद ढुङ्गाना उर्फ

झिल्के बाजेको चिटिक्क परेको कपडा पसलमा एभरेडी ब्याट्रीले चल्ने एउटा सुन्दर ठूलो रेडियो कपडाको थानका बीचमा बस्यो । हामी ठूलै भइसकेका हुनाले पछिकै कुरा जस्तो लाग्छ । झिल्के बाजेको रेडियो सुन्न केही खास खास व्यक्ति बस्थे । खास गरेर उन्कै पार्टीका र मेरो गाउँका कम्युनिष्ट युवाहरू पनि बस्थे । झिल्के बाजे कपाल रुप्पीको (काठमाडौँतिर सारुङ् भन्छन्) झैँ चटक्क मिलाएर कर्लिङ्ग पारेर लचक्क तेल लाएर कोर्थे । उन्को निधारमा एउटा सानो रातो टीका हुन्थ्यो । दाँतमा एउटा चटक्क परेको सुन ठोकेको थियो । उनी हाँस्दा त्यस सुनको अलिक इज्जत पुऱ्याउन होश गर्थे । उनको अर्को त्यस्तै सुन्दर वस्तु त्यही रेडियो थियो ।

झिल्के बाजेको रेडियोले सङ्गीत र समाचार बरोबर घन्काउँथ्यो । हामी पनि सुन्न जान्थ्यौँ । चुनावको चहलपहल भयो, पन्ध्र सालको । झिल्के बाजे काङ्ग्रेसबाट उठ्ने भन्ने हल्ला भयो । ती केही हप्ता हराए । नेपाल गएछन् क्यारे । वीपी कोइरालाले तेजमान तुम्बाहाम्फेलाई टिकट दिन चाहेका रहेछन् । झिल्के बाजे रिसाएर स्वतन्त्र उम्मेदवार उठिदिए भने बित्यास पार्छन् भन्ने बुझेर वीपीले "तिमी यस्तो सुन्दर स्वर भएका मानिसले रेकर्ड गरेर काङ्ग्रेसको चुनाव प्रचार पो गर्नुपर्छ" भनेर गीत रेकर्ड गर्न लाएछन् । झिल्के बाजे अत्यन्त मिलनसार र असल मानिस थिए ।

कलकत्ता गएर रेकर्ड बनाएर अनि दम दिने फुनबाजा पनि लिएर ती आए । अर्को रमाइलो भयो । तिनको पसलमा कहिले रेडियो, कहिले फुनबाजा अर्थात् ग्रामोफोन बज्न थाले । ध्यान राजनीतिमाथि थियो । उन्को स्वर राम्रो थिएन । "भोट खसाउने भोटर बाक्सको/रुखको चिनो नेपाली काङ्ग्रेसक्वाऽऽऽ" भन्ने सुनिन्थ्यो । उनको स्वर पुछारतिर चिरिएर 'क्वाऽऽऽ' हुन्थ्यो । त्यो गीत छब्बीस नम्बर क्षेत्र अथवा फेदाप र आठराइभरि नै फैलियो । उन्को रेडियोबाट धर्मराजको 'भोट दिनलाई पाल्नुहोस् है लहरे पिपलुमा !' भन्ने अति मीठो र मन खिच्ने स्वर गुञ्जिन्थ्यो । यता ग्रामोफोनमा झिल्के बाजेको हामीले चिनेको अत्यन्त सांसारिक स्वरमा चुनावको त्यो गीत र 'तेह्रथुम्को बजार, माया लाउने दुनियाँ हजार' भन्ने गीत बज्थे । सबभन्दा रमाइलो त चुनावको नतिजा प्रकाशन गर्ने बेला भयो । तेह्रथुम्का सबै उम्मेदवारका नाम र तिनले पाएका मत गणना भएर समाचार आइरहँदा सबैलाई आश्चर्य भयो । देवेन्द्रबहादुर तुम्बाहाम्फे उर्फ देवेन्द्र साँल्दाइ (मेरा मीत दाइ) ले केआइ सिंहको पार्टी छोडेर स्वतन्त्र उम्मेदवार गणेशबहादुर प्रसाईंलाई समर्थन गरे । तर पनि उनको नाम रेडियोमा आयो ।

राल्फा गायक रामेशका मामा त्यस बेला तेह्रथुम् मालमा काम गर्थे र तबिल्दार साहेब् भनेर चिनिन्थे । उनी झण्डै झिल्के बाजेसँग सौन्दर्य चेतना मिल्ने मानिस थिए । तिनले भिमनिधि तिवारीको नाटक *सहनशीला सुशीला*मा सुशीलाको भूमिका खेलेर म्याङलुङबासी सबैलाई रुवाइदिएका थिए । रामेशका बुवा कर्णबहादुर श्रेष्ठ तेह्रथुम् मालका हाकिम थिए । रामेश पनि हाम्रै सिंहबाहिनी स्कूलमा पढ्थे । उनी मभन्दा एक क्लास बढी थिए । प्रसङ्ग रेडियोको छ । तबिल्दार साहेब्लाई देवेन्द्र साँल्दाइले फूर्ति लाए । “यी हाम्रो नाम रेडियोबाट आउँछ । तिम्रो आउँछ ?” उनले जवाफ दिए– “कत्रो कुरा हो र नाम आउनु । अहिले फर्माइसी गीतमा नाम पठाएँ भने मेरो नाम सधैँ आइरहन्छ । फूर्ति नगरौँ, रेडियोबाट नाम आयो भनेर” । तेजमान तुम्बाहाम्फेको नाम झिल्के बाजेकै रेडियोबाट बिजयी उम्मेदवारको रूपमा आयो । माथि कपडाका थानको बीचमा राखेको रेडियोबाट पनि उनकै काङ्ग्रेस उम्मेदवारको जीतको घोषणा र तल भुइँमा राखेको फुनबाजाबाट पनि काङ्ग्रेसकै गानले गर्दा तेजमान तुम्बाहाम्फेभन्दा पनि भयानक नित्सेका अतिमानव त झिल्के बाजे पो भए । झिल्के बाजेले जिताइदिएको जस्तो भान भएको थियो हामी सबलाई । उनको सानो पसल काङ्ग्रेसमय भयो । उनी त्यस सानो शक्ति केन्द्रका सञ्चालकका रूपमा बसे ।

पछिपछि अरूअरू रेडियो पनि आए । राजा महेन्द्रले सत्रसाल पुस एक गते संसद भङ्ग गरेर वीपीलाई जेल हाल्ने बेलामा तल डीपी सरकोमा ध्यान गइसकेको थियो । मैले डीपी सरको रेडियोबाट संसद विघटन भएको सुनेँ । त्यसपछि मेरो गाउँमा नै रेडियो आयो । पशुपति रिजाल दाइले रेडियो किनेर ल्याए । युरी गागरिन्को अन्तरिक्ष अभियानको समाचार सुन्न हामी पशुपति रिजाल दाइकोमा रातभरि बस्यौँ । हामी आफ्नै घरगाउँमा बसेर अन्तरिक्ष युगमा रेडियोको माध्यमले प्रवेश गर्‍यौँ । त्यो हामी युवकका निम्ति एक महायात्रा थियो र त्यो रेडियोको माध्यमले आएको थियो ।

२०२० सालतिर हाम्रै घरमा पनि रेडियो पुग्यो । म घर छोडेर हिँडेँ पढाइको लागि । पछि त्यस भेकमा ट्राञ्जिस्टर रेडियो पुगे । लाहुरेहरूले लगेका ती रेडियो बोकेर घन्काउँदै मान्छे माथि लेकका बाटा हिँड्थे । तल पर्ने गाउँहरूमा रेडियोका गीत गुञ्जन हावासँग सुसेली जस्तो झर्थे । त्यो ठाउँमा आएर अहिले रेडियोको गति अडेको छ । अहिले पनि त्यसरी ट्राञ्जिस्टर घन्काएर बाटो हिँड्ने चलन मेरो तेह्रथुम्भरि छ । पसलमा रेडियो,ससाना चिया पसलमा रेडियो, देउता

थानमा रेडियो अनि स्कूलमा रेडियो भए । रेडियो नै एक मात्र सञ्चारको साधन भयो ।

आज पनि मेरो क्षेत्रमा रेडियो जति शक्तिशाली अरू माध्यम केही छैन । नेपाल उपत्यकामा अहिले रेडियोको बिस्तार भएको देख्दा लाग्छ मेरो इतिहास वृत्ताकार छ । म रेडियोका गति लिएर फेरि अर्को यात्रा सुरु गर्न लागेको छु । सगरमाथा एफएमको एउटा कार्यक्रममा केही समयअघि (२०६० सालमा) दीपकराज पाण्डेसँग मेरो तेह्रथुम्को बालककालको कुरा गर्दा रेडियोले बनाएको चेतनाकै कुरा गरेको थिएँ । 'कुरौटेनी राँडी' ले हल्लाएको मेरो बालचेतना, झिल्के बाजेको रेडियोले ल्याएको प्रजातान्त्रिक समय, डीपी सरको रेडियोले ल्याएको एक दलीय व्यवस्था, पशुपति रिजालदाइको रेडियोले ल्याएको अन्तरिक्ष युग अनि रेडियो सगरमाथाले ती सबै रेडियोले बनाएको चेतना उजागर गरेर सम्पन्न गरेको कुराकानी सम्झँदा लाग्छ मेरो जीवनयात्रा एक सिर्जनशील रेडियो यात्रा हो । अहिले बीबीसी रेडियोभन्दा मन पर्ने मलाई अरू कुनै सञ्चार माध्यम छैन । तर आखिरमा एउटा घटना सम्झन्छु । हाम्रा काइँला काफ्ले पुरेतकी छोरी पञ्चेले एक दिन मलाई साबला घर गएको बेला सोधिन्– "काका, आज हाम्रो रेडियो नेपालले पानी पर्छ भन्यो तिमेर्को रेडियो नेपालले के भन्यो ?" उनले यो सोधेको धेरै भएको छैन । अहिले पनि रेडियोका यी अनभिज्ञता छन् । पञ्चेले उन्को रेडियोलाई सात सालमा युवकले जीवन्त ठानेर कुरौटेनी राँडी भने जस्तै जीवन्त ठानेकी थिइन् । गाउँबाट जीवनयात्रा सुरु गरेको म पनि रेडियोलाई जीवन्त ठान्छु । यो मेरो आत्मस्वीकृति हो ।